# तुर्माखाँद राजपत्र

तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ३ मिति २०८० मंसिर २८ गते

## भाग २

### तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**सम्बत् २०८० को ऐन नं.३**

## विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि-२०८०

तुर्माखाँद गाउँपालिका

**प्रस्तावनाः** यस तुर्माखाँद गाउँपालिका अन्तर्गतका बिपन्न नागरिक विरामी हुदा उपचार गर्नको लागि आर्थिक अवस्था कमजोर भई उपचारमा राहत पुगोस भन्नका लागि बिपन्न नागरिकलाई औषधि उपचारमा सहायताका लागि तुर्माखाँद गाउँपालकाको बिपन्न नागरिक औषधि उपचार कोष बाट खर्च हुने गरी आवश्यक सहयोग र व्यवस्थापन गर्न यस तुर्माखाँद गाउँ पालिकाले **"विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि-२०८०"** जारी गरेको छ।

**परिच्छेद- १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "**विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि २०८०"** रहेको छ।

ख) यो कार्यविधि तुर्माखाँद गाउँपालिका कार्यपालिकाले स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "**आर्थिक रुपले विपन्न बिरामी नागरिक** " भन्नाले दफा ३ बमोजिम गठित समितिले सिफारिस गरेको वा नेपाल सरकारले जारी गरेको गरिव परिवार परिचयपत्र बाहक आर्थिक रुपले विपन्न तुर्माखाँद गाउँपालिकामा स्थायी बसोबास गरिरहेका बिरामी नागरिक सम्झनु पर्दछ ।

ख) "**कडारोग** " भन्नाले मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनेमिया रोग सम्झनु पर्दछ ।

ग) "**अन्य गम्भिर रोग**" भन्नाले क्रोनिक लिभर डिजिज,

मस्तिष्क पक्षघात, जटिल किसिमको वर्न (जलेको), महिलाहरुको पाठेघरको समस्या (Uterus Prolapsed,पाठेघर झिकेको), र कुनै दुर्घटनाका कारण जटिल तथा गम्भिर अवस्था भई विशेष उपचार गरी ज्यान बचाउनु पर्ने अवस्था भएको भनि चिकित्सकबाट सिफारिस भएको रोगलाई सम्झनु पर्दछ।

घ) "**कार्यविधि**" भन्नाले आर्थिक रुपले विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि २०८० सम्झनु पर्दछ।

ङ) "**गाउँपालिका**" भन्नाले तुर्माखाँद गाउँपालिका सम्झुन पर्दछ ।

तुर्माखाँद गाउँपालिका

च) **“शाखा”** भन्नाले तुर्माखाँद गाउँपालिका स्वास्थ्य शाखा सम्झनु पर्दछ।

छ) "**सिफारिस समिति** " भन्नाले दफा (३) मा भएको सिफारिस समिति सम्झनु पर्दछ ।

**<u>३. विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने:</u>**

(१) आर्थिक रुपले विपन्न नागरिकले दफा २ को खण्ड ख र ग मा उल्लेखित भए बमोजिमका रोगको उपचार गरेको अनुसूची-२ बमोजिमका आवश्यक कागजात अनिवार्य संलग्न राखी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित व्यक्तिगत निवेदन तुर्माखाँद गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(२) आर्थिक रुपले विपन्न नागरिकलाई औषधि उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न

तुर्माखाँद गाउँपालिकामा देहाय बमोजिमको औषधि उपचार सहायता सिफारिस समिति रहनेछ।

क) तुर्माखाँद गाउँपालिका अध्यक्ष
संयोजक

ख) तुर्माखाँद गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत
सदस्य

ग) तुर्माखाँद गाउँपालिका स्वास्थ्य शाखा प्रमुख
सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

क) आर्थिक रुपले विरामी नागरिक या एकाघर व्यक्तिले उपचार सहुलियतका लागि

आवश्यक कागजात सहित दिएको निवेदन सङ्कलन गर्ने ।

ख) खण्ड क बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गरी यथासिघ्र निर्णय गरी सहुलियत रकम उपलब्ध गराउने।

ग) तोकिएको समय भित्र अनुसूची-५ मा संलग्न बमोजिमको व्यहोरा खुलाई निवेदकले दिएको निवेदनको आधारमा कडा रोग लागेका नेपाल सरकारले सूचीकृत गरेका रोग र अस्पतालमा सहुलियतको लागि सिफारिस गर्ने।

तुर्माखाँद गाउँपालिका

घ) कडा रोगका लागि बाहेक अन्य रोगका लागि आर्थिक सहायता प्राप्त गरेका सेवाग्राहीहरुको अभिलेख राखी, सो विवरण मासिक रूपमा स्वास्थ्य शाखाले अनुसूची-४ बमोजिमको ढाचाँमा तुर्माखाँद गाउँपालिकाको वेव साइट र अन्य सामाजिक सञ्जालहरुमा सार्वजनिक गर्नेछ।

**<u>४. आर्थिक रुपले विपन्न नागरिकलाई औषधि उपचार बाफत आर्थिक सहायता प्रदान गरिने :</u>**

क) कडा रोग वा दफा १२ मा उल्लेखित रोग लागेका आर्थिक रूपले विपन्न नागरिकले अनुसूची २

बमोजिम आवश्यक कागजात पेश गरेपछी तुर्माखाँद गाउँपालिकाको पालिकास्तरीय निर्णयबाट कम्तीमा दश हजार र बढीमा पचिस हजार सम्म आर्थिक सहायता दिन सकिनेछ।

ख) उपदफा (क) बमोजिमका दफा २ को खण्ड ग मा उल्लेखित रोग लागेका आर्थिक रुपले विपन्न नागरिकहरुले अनुसुची २ बमोजिमका आवश्यक कागजात सहित उपचार वाफत लागेको खर्चको विलहरु पेश गरेमा

तुर्माखाँद गाउँपालिका

बिल अनुसार बढीमा दश हजार मात्र र अस्पतालमा भर्ना गरी उपचार गर्नु पर्ने भएमा बिल अनुसार बढीमा पन्ध हजार सम्म मात्र आर्थिक सहायता उपलब्ध गराइनेछ।

ग) दफा २ को खण्ड ख र ग मा उल्लेखित कडा तथा अन्य रोग लागेका आर्थिक रुपले विपन्न नागरिकहरुलाई अनुसूची ३ बमोजिम आर्थिक सहायता रकम उपलब्ध गराईने छ।

**<u>५. आर्थिक सहायता लिने र भुक्तानी गर्ने प्रक्रिया :</u>** आर्थिक रुपले विपन्न बिरामी नागरिकहरुले सहुलियत रकम प्राप्त गर्नका लागि देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

क) विपन्न नागरिकले औषधि उपचार बाफत

सहुलियत रकम प्राप्त गर्नक लागि अनुसुची १ बमोजिमको ढाचामा स्थायी बसोबास भएको वडाको वडा कार्यालयमा निवेदन दिइ वडा कार्यालयबाट सिफारिस लिनु पर्ने छ। कडारोग वापत सहुलियत प्राप्त गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वीकृत गरेको विपन्न नागरिक औषधि उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को अनुसूची ३ बमोजिमको आवेदन तथा सिफारिस फाराम को ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

ख) खण्ड (क) बमोजिमको निवेदन तथा आवश्यक कागजात प्राप्त भए पश्चात दफा ३ बमोजिमको सिफारिस समितिले सो उपर आवश्यक जाचबुझ गरी सहुलियत रकमका लागि कार्यपालिकालाई सिफारिस गर्नुपर्नेछ।

ग) विपन्न नागरिक उपचार सहुलियत वाफत सम्बन्धित बिरामी वा नजिकको हकदारलाई बैङ्किङ प्रणाली EFT मार्फत भुक्तानी गर्नेछ।

घ) उपदफा (ग) बमोजिम नजिकका हकदार भन्नाले सगोलका बाजे, बज्यै, आमा, बुवा, पति वा पत्नि, सगोलका छोरा

वा बुहारी, अविवाहित छोरी, सगोलका दाजुभाइ वा दिदि बहिनी, छोरा बुहारी को मृत्यु भइसकेको अवस्थामा निजहरुबाट जन्मेका नाति नातिनीहरू बुझ्नुपर्नेछ।

ङ) उपदफा (घ) बमोजिमका हकदारहरुले आर्थिक सहायतका प्राप्तिका लागि वडा कार्यालयबाट नाता प्रमाणित सहित परिचय खुल्ने नेपाली नागरिकता परिचय पत्रको प्रतिलिपी/जन्म दर्ताको प्रमाण पत्र सहित निवेदन पेश गर्नु पर्नेछ।



तुर्माखाँद गाउँपालिका

च) आर्थिक रुपले विपन्न बिरामी नागरिकहरुले सहुलियत रकम प्राप्त गर्नका लागि तुर्माखाँद गाउँपालिकामा पेश भएका आवश्यक निवेदनहरुको स्वास्थ्य शाखाले छानविन गरी मासिक रुपमा औषधि उपचार सिफारिस समितिमा निर्णय गरी तुर्माखाँद गाउँकार्यपालिकाको बैठकमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ। र सोही अनुसार स्वीकृत भएको रकम तुर्माखाँद गाउँपालिकाले भुक्तानी गर्नु पर्नेछ।

**६. दोहोरो सुविधा उपलब्ध नगराइने:** यस कार्यविधि बमोजिम आर्थिक सहायता प्राप्त गर्न योग्य विरामीले तुर्माखाँद

गाउँपालिकाबाट एक आर्थिक वर्षमा एक पटक मात्र आर्थिक सहायता उपलब्ध गराइनेछ।साथै सुविधा लिने घरपरिवारमा राज्यबाट कुनै प्रकारको सेवा सुविधा पाइ रहेको छ भने त्यस्तो व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराईने छैन।

**७. बजेटको व्यवस्थापनः** यस कार्यविधि बमोजिम आर्थिक रुपले विपन्न नागरिकलाई औषधि उपचार बाफत आर्थिक सहायताका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गाउँ कार्यपालिकाले मिलाउनु पर्नेछ ।

**८. लेखा परिक्षण :** यस कार्यविधि बमोजिम आर्थिक रुपले विपन्न विरामीलाई उपलब्ध गराइएको आर्थिक सहायताका सम्बन्धमा कानुन बमोजिम गाउँपालिकाले लेखा परिक्षण गराउनु पर्नेछ ।

**९ . कारबाही तथा असुल उपर गरिने :** आर्थिक रुपले विपन्न नागरिकको उपचारको नाममा झुठ्ठा विवरण पेश गरी आर्थिक सहायता लिएको ठहरेमा कानुन बमोजिम सम्बन्धित सिफारिसकर्ता र सम्बद्ध कर्मचारीबाट असुल उपर गरिनेछ ।

**१०. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लिखित विषयमा यसै कार्यविधि बमोजिम र अन्य कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

**११. बाधा अड्काउ** : यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सो को बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

**१२. गम्भिर रोगहरुः**

१. मृगौला रोग।

क) अल्पकालिन रुपमा मृगौलाले काम नगरेको (Acute Renal Failure)

ख) दीर्घकालिन रुपमा मृगौलाले काम नगरेको (Chronic Renal Failure)

ग) Acute Glomerulonephritis and Nephritic Syndrome भएका विरामीहरु।

घ) मृगौला खराब भै Dialysis गर्नु पर्ने भएमा ।



तुर्माखाँद गाउँपालिका

ङ) मृगौला प्रत्यारोपण गर्नुपर्ने भएमा।

च) मृगौला प्रत्यारोपण गरे पश्चात औषधि सेवन गर्नुपर्ने भएमा।

**१) १ माथि क, ख, ग, घ र ङ मा उल्लेखित अवस्थाको निदान तथा उपचारका लागि आवश्यक पर्ने औषधि, औषधिजन्य सामग्रीहरु, शैया तथा सेवा शुल्कहरु बापत ।**

२. मुटु रोगः

क) विभिन्न प्रकारका मुटु जस्तैः महाधमनीको शल्यक्रिया गर्नुपर्ने विरामीहरु

ख) मुटुमा पेसमेकर तथा स्टेन्ट राख्नु परेमा, एब्लेशन गर्नुपरेमा मुटुको भल्भ पूर्णरुपमा क्षति भएको वा परिवर्तन गर्नु पर्ने भएमा

ग) मुटु फेल भएको उपचारका लागि

**३. क्यान्सर रोगः**

क) विभिन्न प्रकारका क्यान्सर रोग र ती सम्बन्धी शल्यक्रिया, थप निदानात्मक सेवा, केमोथेरापी,रेडियोथेरापी , औषधि, औषधिजन्य सामाग्री, शैया तथा सेवा शुल्कहरु ।

**४. पार्किन्सन्स रोगः-**

पार्किन्सन्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु ।

**५. अल्जाईमर्स रोगः-**

अल्जाइमर्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु ।

**६. स्पाईनल ईन्जुरी :**

दुर्घटनाजन्य (Accidental) र चोटपटकजन्य (Traumatic) विरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामाग्रीहरु थप निदानात्मक सेवा, शैय्या, सेवाशुल्कहरु तथा पुर्नस्थापना सेवा सहित

**७. हेड इन्जुरीः**

दुर्घटनाजन्य (Accidental) र चोटपटकजन्य (Traumatic) विरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामाग्रीहरु थप सेवा सेवा तथा पुर्नस्थापना

**८. सिकल सेल एनिमिया रोगः १००००।**

यो रोगलागेका विरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामग्रीहरु, थप निदानात्मक सेवा या सेवाशुल्कहरु

## अनुसुची-१

(दफा (५) को खण्ड (क) संग सम्बन्धित)

### आर्थिक रुपले विपन्न विरामी नागरिकहरुले आवेदन गर्ने फाराम

श्रीमान संयोजक ज्यू

औषधि उपचार सहायता सिफारिस समिति

तुर्माखाँद गाउँपालिका, अछाम

| वैयक्तिक विवरण | आयश्रोत |
|---|---|
| बिरामीको नामथरः<br>उमेरः लिङ्गः<br>ठेगानाः तुर्माखाँद गाउँपालिका वडा नं. .........<br>ना.प्र.प.नं. .........<br>जन्म दर्ता प्रमाण पत्र नं. (१६ बर्ष मुनिका बालबालिकाको हकमा) ......... | **पेशा/व्यवसायः**<br><br>**अनुमानित मासिक आयः** |

तुर्माखाँद गाउँपालिका

| | |
|---|---|
| प्रमाणपत्र जारी गर्ने जिल्लाः<br>जातिगत विवरणः<br>ब्राम्हण/क्षेत्री/आदिवासी/जनजाती/दलित<br>घरपरिवार संख्याः | |
| जग्गा जमिन (क्षेत्रफल/स्थान समेत)<br>सवारी साधनः<br>बैंक मौज्दातः<br>सुनचादीः<br>नगतः | बिरामीको रोगको किसिमः<br>मुटुरोग,मृगौला,क्यान्सर,पार्किन्सन्स,<br>अल्जाइमर,हेड इन्जुरी,स्पाइनल इन्जुरी, र सिकलसेन एनिमिया |
| उपर्युक्त बमोजिम ठिक साचो हो झुठा ठहरेमा कानुन बमोजिम सहुला बुझाउला।<br>निवेदकको नामथरः<br>ठेगानाः<br>दस्तखतः<br>मितिः<br>सम्पर्क नं. | संलग्न कागजातहरु<br>१) बिरामीको नागरिकताको प्रमाणपत्र (बालकको हकमा जन्मदर्ता प्रमाणपत्र)<br>२) रोग निदान भएको डाक्टरले लेखेको प्रेस्क्रिप्सन/पुर्जा<br>३) अन्य चेकजाँचको रिपोर्ट |
| वडा कार्यालयबाट सिफारिसको व्यहोरा | |

| |
|---|
| सिफारिस गर्नेको नामः<br><br>पदः<br><br>दस्तखतः<br><br>मितिः<br>कार्यालयको छाप |

**अनुसूची-२**

(दफा (४) को उपदफा (क) संग सम्बन्धित)

**<u>आर्थिक रुपले विपन्न विरामी नागरिकले औषधि उपचार सहायता रकम प्राप्त गर्नका लागी पेश गर्नु पर्ने कागजातहरुः</u>**

- बिरामीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- बिरामी बालकको हकमा जन्मदर्ताको प्रतिलिपी
- बिरामी आर्थिक रुपले विपन्न नागरिक भएको र औषधि उपचार सहायता सम्बन्धि सम्बन्धित वडाको सिफारिस पत्र



तुर्माखाँद गाउँपालिका

- दफा ३ बमोजिमको समितिको सिफारिसको प्रतिलिपी
- चिकित्सकको प्रेस्क्रिप्सनको प्रतिलिपी र रोग निदान भएको प्रमाणपत्रको प्रतिलिपी
- अन्य चेकजाँच रिपोर्टको प्रतिलिपी
- दफा ४ अनुसारका विरामीहरुले औषधि उपचारमा भएको खर्चको विल भरपाईहरु अनिवार्य पेश गर्नु पर्नेछ ।

## अनुसूची ३

(दफा ४ को उपदफा ग सँग सम्बन्धित)

यस गाउँपालिकाले पाठेघर खसेका महिलाहरुलाई तथा अन्य आर्थिक अवस्था अत्यन्तै कमजोर भएका व्यक्तिहरु जो उपचारबाट बन्चित हुनुपर्ने बाध्यता भएकाहरुलाई वडाकार्यालयको सिफारिस तथा अन्य प्रमाणको आधारमा विपन्न नागरिक औषधि उपचार सिफारिस समितिको निर्णय अनुसार तुर्माखाँद गाउँकार्यपालिकाले अनुमोदन गरी आर्थिक सहयोग गर्नेछ ।

| क्र.सं. | रोगको नाम | आर्थिक सहयोग | कैफियत |
|---|---|---|---|
| १ | मृगौला रोग | १७००० देखि २५००० | |
| २ | मुटुरोग | २०००० देखि २५००० | |
| ३ | क्यान्सर रोगः | १६००० देखि २५००० | |
| ४ | पार्किन्सन्स रोगः | १५००० देखि २०००० | |
| ५ | अल्जाईमर्स | १५००० | |

| | | | |
|---|---|---|---|
| ६ | स्पाईनल ईन्जुरी | २०००० देखि २५००० | |
| ७ | हेड इन्जुरीः | २०००० देखि २५००० | |
| ८ | सिकल सेल एनिमिया रोग | १२००० | |
| ९ | क्रोनिक लिभर डिजिज | १०००० | |
| १० | मस्तिष्क पक्षघात | १०००० | |
| ११ | जटिल किसिमको वर्न (जलेको) | १०००० | |
| १२ | महिलाहरुको पाठेघरको समस्या (Uterus Prolapsed,पाठेघर झिकेको), | १०००० | |
| १३ | दुर्घटनाका कारण जटिल तथा गम्भिर अवस्था भई विशेष उपचार गरी ज्यान बचाउनु पर्ने अवस्था भएको | १०००० देखि १५००० | |

तमाखाँद गाउँपालिका

तुर्माखाँद गाउँपालिका

## अनुसूची-४

(दफा ३ को उपदफा ३ (घ) सँग सम्बन्धित)

## तुर्माखाँद गाउँपालिका अन्तर्गतका आर्थिक रुपले विपन्न नागरिकले रोगको उपचारका लागि आर्थिक सहायता प्राप्त मासिक विवरण फाराम

आ.व. २०८०।०८१

महिनाः

| क्र.सं. | नामथर | उमेर | लिङ्ग | वडा नं. | टोल | परिचय पत्र नं. | रोगको नाम | प्राप्त सहुलियत रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्नेको प्रमाणित गर्ने

नामः

पदः

हस्ताक्षरः

मितिः

नामः

पदः

हस्ताक्षरः

मितिः

## अनुसूची ५

**(दफा ३ को उपदफा ३ खण्ड ग सँग सम्बन्धित)**

**तुर्माखाँद गाउँपालिकाले विपन्न नागरिक औषधि उपचार सहुलियत प्राप्त गर्न अस्पताललाई सिफारिस गर्ने पत्रको ढाँचा**

**श्री......................... प्रतिष्ठान/अस्पताल/शिक्षण अस्पताल/सेन्टर ...............................।**

**विषयः सिफारिस गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा "विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५" दफा ३ को उपदफा ४ तथा तुर्माखाँद गाउँपालिका विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि २०७९ को दफा ३ को उपदफा २ बमोजिम गठित तुर्माखाँद गाउँपालिकाको सिफारिस समितिको मिति ............गते बसेको बैठकको निर्णयानुसार तुर्माखाँद गाउँपालिका वडा नं. ........ मा स्थायी बसोबास गर्ने उमेर .....बर्षको नागरिकता प्र.प.नं.(१६ बर्ष

भन्दा कम उमेरको हकमा जन्म दर्ता नं.) .......... लिङ्ग महिला/पुरुष/अन्य, सम्पर्क नं.......... भएकी श्री .................... आर्थिक रुपले विपन्न भएको साथै चिकित्सकको पुर्जीको आधारमा निजलाई ....................... रोग लागेको ले तहा प्रतिष्ठान/अस्पताल/शिक्षण अस्पताल/सेन्टरमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत पाउनु पर्ने औषधि उपचारको लागि सिफारिस सहित यस तुर्माखाँद गाउँपालिकामा गठित सिफारिस समितिको बैठकको बैठक नं. ....... को निर्णयको छाँयाप्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

...........................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, स्वास्थ्य सेवा विभाग, टेकु काठमाण्डौं।

## अनुसूची-५ सँग सम्बन्धित माईन्यूटको ढाँचा

आज मिति ...........साल .................महिना..........गते..... का दिन तुर्माखाँद गाउँपालिका विपन्न नागरीक औषधि उपचार सिफारिस समितिको बैठक तुर्माखाँद गाउँपालिका अध्यक्ष श्री ................. ज्यूको अध्यक्षतामा बसेको विपन्न नागरिक औषधि उपचार सिफारिस समितिको बैठक देहाय बमोजिमको पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका बमोजिमका निर्णयहरु गरियो।

<u>तपशिलः</u>

श्री ........................................ अध्यक्ष तुर्माखाँद गाउँपालिका संयोजक

श्री ........................................ प्रमुख प्रशासकीय अधिकृत सदस्य

श्री ........................................ स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव

निणय नं. १

तुर्माखाँद गाउँपालिका वडा नं. .........मा स्थायी बसोबास गर्ने तपशिलका विरामीले तहाँ प्रतिष्ठान/अस्पताल/शिक्षण अस्पताल/सेन्टरमा उपचारको लागि सिफारिस गरि पाउँ भनि पेश गरेको निवेदन सम्बन्धित वडाको सिफारिस पत्र अनुसूचि १ को फारम अनुसार निजको परिवार आर्थिक रुपमा कमजोर भई विपन्न रहेको व्यहोरा अनुरोध छ। निजको उपचारको लागि विपन्न नागरिकले पाउने कडा रोग वापतको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका अनुसार उपचार गर्न सिफारिस गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.सं. | बिरामीको नाम | रोग | नागरिकत प्रमाण पत्र नं. | वड नं. | सिफारिस गरिएको अस्पताल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

२. प्राप्त अस्पतालको प्रेस्क्रिप्सन अनुसार निजलाई ................. रोग लागेको र उपरोक्त अस्पतालमा सिफारिस गरिएको जानकारी नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखालाई गराउने निर्णय गरियो।

प्रमाणिकरण मितिः २०८०।०८।२०

आज्ञाले
लोक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

तुर्माखाँद गाउँपालिका